# गाईभैंसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७३

पृष्ठभूमी

गाई भैंसीले बेतभरी दिने दुधको परिमाण ब्याएको दुई महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ ।सो अबधी भित्र लैनो पशुले बढि दुध दिन सकेमा मात्र सोही अनुपातमा सो बेत भरी नै उत्पादन कायम राख्न सकिन्छ। यसैले सो अबधी पशुको अति महत्वपूर्ण अवस्था रहेको र यस अवस्थामा नै नवजात बाच्छाबाच्छी/पाडापाडीको स्याहार सुसार गर्नु पर्ने भएकोले आबश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारका लागि कृषकहरुमा जागरण ल्याउन आबश्यक ठानी नेपाल सरकारको विमित गाई भैंसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वियन गर्न नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिकः

१. संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम " गाईभैंसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७३" रहेको छ ।

२. यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ ।

ख) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ ।

ग) "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्नेछ ।

घ) "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ ।

ङ) "कार्यदल" भन्नाले जिल्ला पशु विकास कार्यदल सम्झनु पर्नेछ ।

च) "कार्यविधि" भन्नाले "गाईभैंसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७३"सम्झनु पर्नेछ ।

३ उद्देश्यहरुः

क) दुधालु पशुको लैनो अवस्थामा थप स्याहार सुसार र उचित पोषणको माध्यमबाट दुध उत्पादन बृद्धि गरी सोही अनुपातमा बेत भरी नै दुध उत्पादन कायम राख्ने

ख) बाच्छा बाच्छी तथा पाडापाडीको मृत्यूदर कम गरी उचित बृद्धिदर, तौल तथा गुणस्तर कायम राख्ने

ग) पशुको दुई बेतको अन्तर कम गरी उत्पादन लागत घटाउने

४. कार्यक्रम सञ्चालन हुने जिल्लाहरुः इलाम, उदयपुर, ललितपुर, नुवाकोट, पर्वत, स्याङ्जा, प्युठान, सुर्खेत, डँडेलधुरा र बैतडी ।आगामी अर्थिक वर्षहरुमा जिल्लाहरुको संख्यामा थपघट हुन सक्नेछ ।

५ कार्यक्रमको अबधीः

यो कार्यक्रमको अवधि १ बर्षको हुनेछ र आवश्यकता अनुसार विस्तार गर्दै लान सकिनेछ ।

६. कार्यक्रम संचालनका लागि कृषक छनौटका आधारहरुः

६. कार्यक्रम संचालनका लागि कृषक छनौटका आधारहरु:

क) सहकारीमा आवद्ध कृषक हुनुपर्नेछ ।

ख) पशु विमा गरेको हुनुपर्नेछ ।

ग) सम्बन्धित पशु सेवा केन्द्रबाट पशु व्याउने वा व्याएको प्रमाण पेश गरेको हुनुपर्ने छ ।

घ) आधिकारिक निकायबाट गरिवी प्रमाणित गरिएका कृषकलाई प्राथमिकता दिइनेछ।

७. कार्यक्रम संचालनका लागि साझेदारको छनौट प्रकृया:

क) जिल्ला पशु सेवा कार्यालयले अनुसूची-१बमोजिमको दरखास्त आह्वान गर्नेछ ।

ख) अनुदान प्राप्त गर्न ईच्छुक दफा ५ अनुसारको मापदण्ड पुरा गरेका कृषकहरुले सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

ग) प्राप्त निवेदनहरु जिल्ला पशु सेवा कार्यालयले जिल्ला पशु विकास कार्यदलमा पेश गर्ने छ ।

घ) जिल्ला पशु विकास कार्यदलले पेश भएका विवरणहरुका आधारमा कृषकहरु छनौट गर्नेछ । प्रति जिल्ला १०० कृषक र प्रति कृषक रु. २५००।— अनुदान उपलब्ध हुनेगरी जिल्ला पशु विकास कार्यदलले प्राथमिकताका आधारमा कृषक छनौट गर्ने छ ।

ङ) विनयोजित बजेटबाट पुग्ने संख्याका कृषक भन्दा बढि आवेदन परेको हकमा गरिवको सुचिमा परेकालाई प्राथमिकता दिई सुचि तयार गरिनेछ। यसो गर्दापनि कृषक संख्या बढि भएमा पहिले व्याउने पशुलाई पहिलो प्राथमिकता दिई कृषक छनौट गरिनेछ। कृषक छनौट गर्ने अन्य आधार जिल्ला पशु विकास कार्यदलले तोके बमोजिम हुनेछ।

च) कृषकहरु छनौट भएपछी छनौट भएका कृषकहरुले यो कार्यविधि अनुसारको अनुदान रकम प्राप्त गर्नेछन् ।

८. सेवा संचालन प्रक्रिया: यस कार्यक्रम बमोजिमको सेवा सञ्चालन गर्ने प्रकृया देहाय बमोजिम हुनेछ:

क) जिल्ला पशु सेवा कार्यालय र छनौट भएका कृषकहरु बिच अनूसुची-२ अनुसार सम्झौता गरिनेछ

ख) अनुदान प्राप्त गर्न छनौट भएका कृषकलाई जिल्ला पशु सेवा कार्यालयले बैंक चेक मार्फत भुक्तानी गर्नुपर्ने छ।

ग) पशु व्याइ नसकेका तर व्याउने अवस्थाको प्रमाण सहित निवेदन पेश गरेर अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरुले पशु व्याएको प्रमाण जिल्ला पशु सेवा कार्यालयमा पेश गरेपछि मात्र अनुदान रकम प्राप्त गर्नेछन् ।

९ गाईभैंसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक नर्मस:

| क.सं. | कार्यक्रमको विवरण | इकाई | रु. हजार प्रति जिल्ला |
|---|---|---|---|
| १ | सहकारीमा आवद्ध कृषकहरुका विमित पशु (गाइ/भैंसी) लाई सुत्केरी भत्ता | प्रति जिल्ला | २५०.०० |

७) आर्थिक प्रशासन सेवा:

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

८) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

९) थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनूसुची - १

सहकारीमा आवद्ध कृषकहरुका विमित पशु (गाईभैंसी) लाइ सुत्केरी भत्ता अनुदान कार्यक्रमका लागि दरखास्त आह्वानको सूचना

पशु उत्पादन निर्देशनालयको आ.व.२०..../.... को वार्षिक स्विकृत कार्यक्रम अनुसार सहकारीमा आवद्ध कृषकहरुका विमित पशु (गाईभैंसी) लाइ सुत्केरी भत्ता अनुदान कार्यक्रम सन्चालन गरी बेत भरीनै बढी दुध उत्पादान कायम राख्न, दुई बेतको अन्तर कम गर्न र पाडापाडी/बाच्छाबाच्छीको स्वास्थ्य तन्दुरुस्त राख्न तोकिए बमेजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आबेदनका लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम यस कार्यालयमा पेश गर्नु होला । विस्तृत जानकारीका लागि जिल्ला पशु सेवा कार्यालय ............ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

कार्यक्रम संचालनका लागि कृषक छनौटका आधारहरुः

- अनुदान प्राप्त गर्न चाहने कृषकले सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।
- कृषकले निम्न कार्यहरु पुरा गरेको हुनुपर्नेछ
  - बढीमा २ वटा दुधालु गाई भैंसी पालेको ।
  - दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध भएको ।
  - पशु विमा गरिएको हुनु पर्छ ।

अनुसुचीः २

सहकारीमा आवद्ध कृषकहरुका विमित पशु (गाईभैंसी) लाइ सुत्केरी भत्ता अनुदान कार्यक्रमको लागि जिल्ला पशुसेवा कार्यालय र ................बिच भएको सम्झौता पत्रको नमूना

जिल्ला पशु सेवा कार्यालय, द्वारा संचालन गरिने सहकारीमा आवद्ध कृषकहरुका विमित पशु (गाईभैंसी) लाइ सुत्केरी भत्ता अनुदान कार्यक्रम" को उद्देश्य अनुरुपको उपलब्धी हासिल गर्न जि.प.से.का. ........................................ (यसपछि पहिलो पक्ष भनिने) र .................... न.पा./गाविस वडा नं. .... का श्री/श्रीमती/सुश्री ............................ (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

१. दोश्रो पक्षले तपशिल वमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

तपशिल

अनुदान रकम बाट लैनो माउ र बाच्छाबाच्छी/पाडापाडीको विशेष स्याहारा सुसार गर्नु पर्नेछ ।

पौष्टिक दाना, मिनरल ब्लक, भिटामिन्स, ड्रेन्चिङ, खोप आदिको व्यवस्थापन गर्नु पर्नेछ ।

पशुवस्तुको स्वास्थ्य व्यवस्थापन र उत्पादन एवं उत्पादकत्व बृद्दीका कार्यहरु गर्नु पर्नेछ ।

अनुदान कार्यक्रम अवधि समाप्त भए पछि पनि कृषकले कार्यक्रमलाई निरन्तरता दिनुपर्ने छ ।

२. दोश्रो पक्षबाट गर्नुपर्ने कार्यहरु संतोषजनक नपाइएमा प्रचलित कानुन बमोजिम कार्यवाहीको भागेदारी हुनु पर्ने छ ।

३. अनुदान प्राप्त गर्ने कृषकले प्राप्त अनुदानबाट गरेका कृयाकलापहरुको प्रतिवेदन प्रथप्र पक्ष समक्ष पेश गर्नुपर्नेछ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| जि.प.से. का.को तर्फबाट सहि गर्नेको | |
| नागः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | औठा छाप |